शैल्यशिखर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोकुलेश्वर, दार्चुला
७ नं. प्रदेश नेपाल

☎ ०९३-४०००८६

प.सं. : ०७४/०७५
च.नं. १८०१

मिति:-२०७५/०३/०५

श्री सरोकारवाला सबै

**बिषय : घर/भवन नक्शा पास गर्ने सम्बन्धमा ।**

प्रस्तुत बिषय सम्बन्धमा यस शैल्यशिखर नगरपालिकाको दोस्रो नगरसभाबाट पारित भवन तथा बस्ति विकास, शहरी योजना निर्माण सम्बन्धी मापदण्ड २०७५ को अधिनमा रही यस नगरपालिका क्षेत्रमा घर/भवन निर्माण गर्नुहुन सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराइन्छ । नयाँ घर/भवन निर्माण गर्नुहुने महानुभावहरुले नक्शा पास गराएर मात्र घर/भवन निर्माण गर्न गराउनु हुन समेत यो सूचना प्रकाशित गरिएको छ । साथै यसपूर्व निर्मित घर/भवनहरुको नक्शा पास गराउन इच्छुक घरधनिहरुलाई २०७५ श्रावण मसान्त सम्म तपसिलका कागजात र दस्तुर सहित नगरपालिका कार्यालयमा आवेदन दिनुहुन आह्वान समेत गरिएको छ ।

**<u>नक्शा पास गर्दा आवश्यक पर्ने कानुनी कागजातहरु :-</u>**

जग्गाधनि दर्ता प्रमाण पूर्जाको प्रतिलिपि - १ प्रति
नागरीकता प्रमाण पत्रको प्रतिलिपि - १ प्रति
पासपोर्ट साईजको फोटो - ३ प्रति
कित्ता नम्बर स्पष्ट भएको नापी / ट्रेस नक्शाको प्रमाणित प्रतिलिपि
चार किल्ला प्रमाणित
एकिकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि - १ प्रति
गुठीको जग्गा भए सम्बन्धित गुठीको सिफारिश पत्र
कुनै निकायमा धितो राखेको भए धितो सम्बन्धि पत्र
वारेश राखि नक्शा पास गर्ने भएमा वारेसनामाको साथमा वारेशको नेपाली नागरिकता वा निजको पहिचान खुल्ने प्रमाण पत्रको - १ प्रति प्रमाणित प्रतिलिपि

**<u>नक्शा पास गर्दा आवश्यक पर्ने प्राविधिक कागजातहरु</u>**

निर्माण गरीने घरको नक्शा - ३ प्रति
प्लिन्थ एरीया १००० ब.फी. भन्दा बढी वा तिन तल्ला भन्दा बढी भएमा स्ट्रक्चरल बिश्लेषण (Structural Analysis)सहित स्ट्रक्चरल डिजाईन र स्यानिटरी डिजाइनको नक्शा - ३ प्रति
घर नक्शा तयार गर्ने प्राविधिक / परामर्शदाताको नगरपालिकामा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि – १ प्रति

**<u>नक्शा पास गर्न लाग्ने दस्तुर</u>**

नक्सापास ढलानयुक्त घर राजमार्गसित जोडिएको प्रति वर्ग फिट रु ८/-
नक्सापास ढलानयुक्त घर ग्रामीण सडकसँग जोडिएको प्रति वर्गफिट रु ७/-
कच्ची घर प्रति वर्ग फिट रु ५/-
नक्शापास निवेदन रु ५००/- नक्शा प्रतिलिपी रु ५००/- सर्जमिन रु ५००/- र घर निर्माण सम्पन्न एकतले रु ५००/- र प्रतितला थपको रु ३००/-

सुरेन्द्रबहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :- ९ वटै वडा कार्यालय
कार्यान्वयन गराउनु हुन ।